# रूपा गाउँपालिका कास्कीको विषयगत सिकाइ समूह गठन तथा परिचालन कार्यविधि, २०७८

**प्रस्तावना**

रूपा गाउँपालिकाका सामुदायिक विद्यालयको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु हालको आवश्यकता हो । जसका लागि सबै विषयको सिकाइ उपलब्धि वढोत्तरी गर्नु आवश्यक रहेको छ । हाल हासिल भएको सिकाइ उपलब्धिलाई वृद्धि गर्नका लागि रूपा गाउँपालिकाको आर्थिक वर्ष २०७८/ ०७९ को स्विकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि **रूपा गाउँपालिका कास्कीको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४** ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ माघ १८ गतेको कार्यपालिका बैठकबाट देहायका नियमहरु जारी गरिएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम **विषयगत सिकाइ समूह गठन तथा परिचालन कार्यविधि, २०७८** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **गाउँपालिका** भन्नाले रूपा गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) **पाठ्यक्रम विकास केन्द्र** भन्नाले नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र भन्ने बुझ्नु पर्छ ।

ग) **विद्यार्थी** भन्नाले रूपा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुलाई सम्झनु पर्छ ।

घ) **विद्यालय** भन्नाले रूपा गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

ङ) **विषयगत शिक्षक** भन्नाले आधारभूत तथा माध्यमिक विद्यालयमा सम्बन्धित विषयको विज्ञता हासिल गरी विद्यालयको विषयगत समय तालिका अनुसार कुनै विषयको शिक्षण गर्ने शिक्षकलाई सम्झनु पर्छ ।

च) **व्यवस्थापन समिति** भन्नाले सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि नियमानुसार गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

छ) **शिक्षक अभिभावक संघ** भन्नाले सामुदायिक विद्यालयमा शिक्षा नियमावली २०५९ अनुसार गठन भएको शिक्षक तथा अभिभावक रहेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

छ) **शिक्षक अभिभावक संघ** भन्नाले सामुदायिक विद्यालयमा शिक्षा नियमावली २०५९ अनुसार गठन भएको शिक्षक तथा अभिभावक रहेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ज) **शिक्षक** भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गराउने बालविकास सहजकर्ता, शिक्षक (निजी स्रोत समेत) र प्रधानाध्यापक समेत सम्झनु पर्छ ।

झ) **शिक्षा शाखा** भन्नाले रूपा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

**३. विषयगत** सिकाइ समूह **गठनः** (१) रूपा गाउँपालिकाका सबै विद्यालयमा अध्यापन गराउने विषयगत शिक्षकहरूको उपस्थितिमा तपसिल अनुसारका अनिवार्य विषयको विषयगत सिकाइ समूह गठन गरिने छ ।

तपसिल

(१) नेपाली
(२) अङ्ग्रेजी
(३) गणित
(४) विज्ञान
(५) सामाजिक

(२) विषयगत सिकाइ समूहको संरचना अनुसूची -१ बमोजिम हुने छ ।

**४ विषयगत समितिको वैठकः** विषयगत समितिको वैठक कम्तीमा तीन महिनामा एक पटक वस्ने छ । समितिको वैठकको अध्यक्षता संयोजकले गर्ने छ । वैठक सम्वन्धि अन्य व्यवस्था गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले निर्धारण गरे अनुसार हुनेछ ।

**५.विषयगत सिकाइ समूहका कार्यहरूः**

क) विषयगत शिक्षकका जिम्मेबारीहरू पूर्ण रूपमा वहन गर्नुपर्ने छ ।

ख) विषयगत सिकाइ उपलब्धि वृद्धिका लागि निरन्तर प्रयत्न गर्नुपर्ने छ ।नियमित मासिक वैठक सञ्चालन गर्ने तथा उक्त वैठकमा विषयगत समस्याहरुको वारेमा छलफल समिक्षा गर्ने तथा समाधानका उपायहरु पत्ता लगाइ विषयगत शिक्षकहरुलाइ प्राविधिक सहयोग उपलब्ध गराउने ।

ग) विषयगत समस्यासँग सम्वन्धित रहेर शिक्षण सिकाइ सामग्रीहरु निर्माण कार्यशाला आयोजना गर्ने ।तथा विषयगत शिक्षकहरुको भेला आयोजना गरी उक्त सामग्रीहरुको प्रदर्शनको व्यवस्था मिलाउने । उक्त कार्यशाला तथा प्रदर्शनीका लागि समन्वय र वजेटको व्यवस्था शिक्षा युवा तथा खेलकुद शाखाले गर्ने ।

घ) विषयगत समितिमा नमूना कक्षा सम्वन्धी पाठयोजना तथा तयारी गर्ने र शिक्षकहरुका लागि तालिम सञ्चालन तथा नमुना कक्षा प्रदर्शन गर्ने

ङ) आइसिटिको माध्यमवाट विषयगत शिक्षकहरुसँग नियमित सम्पर्कमा रहनेगरी सञ्जाल(Networking)तयार गर्ने नमुना कक्षाहरुको भिडियो तयार गर्ने तथा सवै शिक्षकको पहुँचमा पुर्याउने । यसका लागि गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले समन्वय गर्ने ।

च) विद्यालयको समग्र सिकाइ उपलब्धि वृद्धिका लागि सिकाइ वातावरण निर्माण गर्नुपर्ने छ ।

छ) विषयगत सिकाइ समूहका शिक्षकहरूले शिक्षा शाखाको प्रमुख वा प्रमुखले तोकेको शाखाको कर्मचारीको सहभागितामा समितिका कम्तीमा १ जना विषयगत शिक्षकहरूको उपस्थितिमा तीन महिनामा कम्तीमा एक पटक गाउँपलिकाका विद्यालयको अनुगमन गर्नुपर्ने छ ।

ज) अनुगमन गर्दा विषयगत समितिले साझा रूपमा तयार पारेको विषयगत शैक्षिक सूचकहरू सहितको फाराम भरी सो फाराम सहित संक्षिप्त प्रतिवेदन दिनुपर्ने छ ।

## ६. रूपा गाउँपालिकाभित्रका शिक्षासम्बद्ध सरोकारवालाहरुको भूमिका

विद्यार्थीको सिकाइलाई निरन्तरता दिन शिक्षासम्बद्ध संघ संस्था तथा व्यक्तिहरुको भूमिका निम्नानुसार हुने छ ।

### ६.१ शिक्षा शाखाको भूमिका

क) विषयगत शिक्षकहरूको भेला बोलाई समूह गठन गर्ने ।

ख) विषयगत शिक्षकहरूको भेलामा विषयगत नतिजाको समीक्षा गर्ने ।

ग) विषय समितिको वैठकमा स्थानीय तहभित्र विषयगत रुपमा शिक्षकहरुले भोगेका समस्याहरुको गोप्य रुपमा संकलनको व्यवस्था मिलाउने । छलफल गर्ने तथा आवश्यकता अनुसार शिक्षकहरुलाइ प्राविधिक सहयोग उपलब्ध गराउन सहजीकरण गर्ने ।

घ) विषय समितिले तयार गरेका नमुना कक्षा शिक्षण सम्वन्धी भिडियो कक्षालाइ व्यवस्थित गराउन समन्वय र सहजीकरण गर्ने ।

ङ) स्थानीय तहमा रहेका सवै विषयगत शिक्षकहरुको सञ्जाल बनाउने र नियमित सम्पर्क हुने वातावरण तयार गर्ने ।

च) विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नका लागि विषयगत शिक्षकहरूलाई जिम्मेवार वनाउने ।

छ) गठन भएको विषयगत समितिका सदस्यहरूको सहभागितामा संयुक्त विद्यालय अनुगमन गर्ने ।

ज) अनुगमनको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

## ६.२ विद्यालयको भूमिका

क) विद्यालयमा विषयगत विभागहरू गठन गरी विषयगत जिम्मेबारी प्रदान गर्ने(**आधारभूत र माध्यमिक तह समेटिने गरी**) ।

ख) शिक्षा, युवा तथा खेलकुद शाखाले विषयगत समूहको सदस्यलाई अनुगमनमा खटाएको दिनमा सम्बन्धित शिक्षकलाई काज उपलब्ध गराउने।

ग) विद्यालयले सबै विषयको विषयगत सिकाइ उपलब्धि गणना गरी अभिलेख राख्ने ।

घ) गाउँपालिकाले गठन गरेको विषयगत सिकाइ समूहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने।

ङ) विषयगत सिकाइ उपलब्धि वृद्धिका लागि सह क्रियाकलाप सञ्चालन गर्ने

## विषयगत शिक्षकको भूमिका

क) प्रधानाध्यापकले तोकेको विषयगत तथा अन्य जिम्मेवारी पूर्ण रूपमा निर्वाह गर्ने ।

ख) विद्यालयको विषयगत विभाग तथा गाउँपालिकास्तरीय विषयगत सिकाइ समूहमा सक्रियतापूर्वक संलग्न हुने ।

ग) विषयगत सिकाइ उपलब्धि वृद्धिका लागि सिकाइ सहजीकरणका उपयुक्त विधिहरूको निरन्तर प्रयोग गर्न प्रयत्न गर्ने ।

घ) आफूले अध्यापन गर्ने विषयमा दखल राख्नका लागि आधुनिक सूचना प्रविधिको उपयोग तथा अध्ययन/ अनुसन्धानलाई निरन्तरता दिने ।

ङ) दैनिक पाठयोजना तथा आवश्यक शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरणका कार्यकलाप सञ्चालन गर्ने ।

## अभिभावक र विद्यार्थीको भूमिका

क) आफ्ना छोराछोरी/ भाइ बहिनीहरूलाई नियमित विद्यालय पठाउने ।

ख) बालबालिकाहरूका लागि अध्ययन गर्ने उपयुक्त वातावरण सिर्जना गर्ने ।

ग) विषयगत सिकाइका लागि आवश्यक पर्ने सिकाइ सामग्री उपलब्ध गराउने ।

घ) प्रधानाध्यापक तथा विषयगत शिक्षकसँग समय समयमा अन्तरक्रिया गर्ने ।

ङ) विद्यालय/कक्षा शिक्षक/विषयगत शिक्षकले बोलाएको बेला विद्यालयमा उपस्थति भई विद्यार्थीको सिकाइ अवस्था बताउने र थप उपलब्धि वृद्धिका लागि निरन्तर प्रयत्न गर्ने ।

च) शिक्षक तथा अभिभावकका सही निर्देशनको पूर्ण पालना गरी आफ्नो सिकाइ उपलब्धि वृद्धिका लागि निरन्तर अध्ययन अनुसन्धान तथा खोज गर्ने ।

छ) विद्यालय तथा घरमा सिकाइ तथा अध्ययनका लागि उपयुक्त वातावरण निर्माण गरी सिक्ने सिकाउने कार्यमा प्रतिवद्ध रहने ।

**७ बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि अनुसार कार्य गर्दा विद्यार्थीको सिकाइमा सहजीकरणमा अपेक्षित नतिजा प्राप्त नभएमा गाउँपालिकाबाट संशोधन गरी लागू गर्न सकिने छ ।

## अनुसूची -१

### विषयगत सिकाइ समूहको संरचना

१. संयोजकः स्थानीय तहभित्र माध्यमिक तहमा कार्यरत सम्वन्धित विषयका स्थायी शिक्षक,
२. सदस्यः माध्यमिक तहको दरवन्दिमा कार्यरत शिक्षकहरुमध्येवाट शिक्षा शाखावाट मनोनित कम्तिमा १ महिला सहित २ जना,
३. सदस्यः निम्न माध्यमिक तह सञ्चालन भएका विद्यालयवाट निम्न माध्यमिक तहका दरवन्दिमा कार्यरत शिक्षकहरुमध्येवाट भेलाले चयन गरेको कम्तिमा १ महिला सहित २ जना
४. सदस्यः प्राथमिक तह सञ्चालन भएका विद्यालयवाट प्राथमिक तहको दरवन्दिमा कार्यरत शिक्षकहरुमध्येवाट भेलाले मनोनित गरेको १ महिला सहित २ जना

मनोनित सदस्यको पदावधि २ शैक्षिक सत्रको हुनेछ ।

समितिका पदाधिकारीहरुको आचरण सम्वन्धी व्यवस्था शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ बमोजिम हुनेछ ।